NEPALI

सेप्टेम्बर 12, 2016

आदरणीय DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट परिवार,

सबै विद्यार्थी र कर्मचारीहरूको स्वास्थ्य र सुरक्षा हाम्रो मुख्य प्राथमिकता हो र सधैँ रहिरहनेछ।

यस कुरालाई मध्यनजर गर्दै, DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले समय छँदै सक्रियताका साथ हाम्रा सबै 150 विद्यालय, केन्द्र तथा भवनहरूमा प्रयोग हुने पिउने पानीमा लिड परीक्षण गरिरहेको छ।

हालैका घटनाक्रमहरूले पानीको गुणस्तरमा रहेका समस्याहरू प्रति सबैको ध्यान तानेको छ। कृपया आश्वस्थ रहनुहोस् कि **हामीले कुनैपनि विद्यालय वा भवनमा पानीको गुणस्तरमा कुनैपनि किसमको समस्या पाएका छैनौं।** तरपनि, हामी हाम्रा विद्यार्थी, कर्मचारीहरू र समुदायले हामीले प्रयोग गर्ने पानी पिउनका लागि सुरक्षित छ भनेर थाहा पाउन् भन्ने चाहन्छौं।

परीक्षण कार्य सेप्टेम्बर 20 देखि आरम्भ हुनेछ। DeKalb काउन्टी स्वास्थ्य समिति र DeKalb काउन्टी सरकारको सहकार्यमा, हामी निम्न स्रोतहरूको जाँच गर्नेछौं:

- भवनहरूमा आपूर्ति हुने पानीका सबै मुख्य मिटरहरू
- सबै भान्साहरू
- पानीका सबै मूलहरू
- बाथरूमका सिंकहरू
- बरफ राख्ने मेसिनहरू
- शिक्षकहरूको बैठक कक्षमा रहेका पानीका स्रोतहरू
- खेल मैदानहरू

विद्यालयहरूका लागि वातावरणीय सुरक्षा संस्था (EPA) ले तोकेका मापदण्डहरूको पालना गर्दै डिस्ट्रिक्टकै सबैभन्दा पुराना इलमेन्टरी विद्यालयहरूबाट सुरू गरेर, हामी हरेक ठाउँको दुईपटक जाँच गर्नेछौं। **यदि कुनैपनि जाँचमा EPA ले योग्य छैन भनी तोकेको स्तरमा लिडको मात्रा पाइयो भने, हामी उक्त स्रोतबाट पानी प्रयोग गर्न तुरून्तै बन्द गर्नेछौं, त्यसपछि समस्याको समाधान गर्नेछौं।** कुनैपनि समस्या समाधान नभइसक्दा सम्म हामी आवश्यक परेको खण्डमा बोतलको पानी प्रदान गर्नेछौं।

तपाईं परीक्षणका नतीजाहरू पत्रहरू मार्फत तथा डिस्ट्रिक्टको वेबसाइट**www.dekalbschoolsga.org/lead-testing** मा प्राप्त गर्नुहुनेछ। अपडेटहरूका साथसाथै पानीको गुणस्तर र लिडको परीक्षण सम्बन्धी थप जानकारीका लागि कृपया हाम्रो वेबसाइट समय-समयमा हेर्दै गर्नुहोस्। तपाईं आफ्ना थप प्रश्नहरू **DCSD_Communications@dekalbschoolsga.org** मा पनि पठाउन सक्नुहुन्छ।

हाम्रा विद्यार्थी र कर्मचारीहरूको स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्ने हाम्रा हरेक कदमहरूको बारेमा हामी तपाईंलाई जानकारी गराइरहनेछौं भन्ने कुरा विश्वास दिलाउन चाहन्छौं।

भवदीय,

Dr. R. Stephen Green
निरीक्षक
DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट

S. Elizabeth Ford, M.D.
डिस्ट्रिक्ट स्वास्थ्य निर्देशक
DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट

Lee May
अन्तरिक प्रमुख कार्यकारी अधिकारी
DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट